राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ | अंक ११८ | २०८२ मंसिर १२ गते शुक्रवार (28 Nov. 2025) | पृष्ठ ४ | मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## जनकपुरधाम भन्सारको राजस्व लक्ष्यभन्दा आधामै अड्कियो

# चार महिनामा ९ करोड बढी, लक्ष्यको १६ प्रतिशत मात्र

वीरेन्द्र कर्ण

जनकपुरधाम, ११ मंसिर । जनकपुरधाम भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो चार महिनामा ९ करोड ३० लाख रुपैयाँ मात्र राजस्व संकलन गरेको छ। सोही अवधिमा १८ करोड ५१ लाख रुपैयाँ संकलन गर्ने लक्ष्य रहेकोमा आधाभन्दा कम, अर्थात् ५०.२७ प्रतिशत मात्र राजस्व उठेको हो।

धनुषाको सीमावर्ती जटहीदेखि भारतको पिपरौनसम्म भारतीय सरकारले सडक स्तरोन्नति गर्दा भदौ महिनाभरि सीमा नाका बन्द रहनु, जेनजी आन्दोलनका कारण भारतबाट सामान नआउनु तथा आर्थिक मन्दीका कारण प्रारम्भिक चार महिनामा लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको कार्यालयका




सूचना अधिकारी राजकुमार केवाले बताए।

अर्थ मन्त्रालयअन्तर्गत भन्सार विभागले जनकपुरधाम भन्सारलाई चालु आर्थिक वर्षमा ५५ करोड २१ लाख ९३ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएको छ। तर हालसम्म त्रैमासिक प्रगतिदर हेर्दा वार्षिक लक्ष्यको १६.७३ प्रतिशत मात्र राजस्व उठेको देखिन्छ।

जटही, भडरिया, महिनाथपुर र महुवा छोटी भन्सारका कर्मचारीहरूले पाँच हजारसम्मको सामान भन्सार नकटाई नजराना लिएर छाड्ने गरेको, जसका कारण राजस्व प्रभावित भएको बताइन्छ। त्यस्तै, केही कर्मचारीहरूले इमान्दारीपूर्वक काम नगरी भारतबाट आउने सामान भन्सार नकटाई 'ड्युटी चार्ज' को नाममा रकम उठाउने गरेको आरोप पनि छ, जसले चालु आर्थिक वर्षमा तोकिएको लक्ष्य प्राप्तिमा अझ चुनौती बढाएको जानकारहरूको भनाइ छ।

# विवाहपञ्चमीमा ६८ जना पाकेटमार पक्राउ

## १३ महिला र ५५ पुरुष, अधिकांश भारतीय



दैनिक समाचारदाता

जनकपुरधाम, ११ मंसिर । रामजानकी विवाहपञ्चमी महोत्सवमा ६८ जना पोकेटमार लाई धनुषा सुरक्षाकर्मीले पक्राउ गरेको छ ।

महोत्सव हेर्न आएका श्रद्धालुहरुलाई भिडमा पोकेट मार्ने क्रममा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । जनकपुरधामको विभिन्न ठाउँमा पोशाकसँगै सादा पोशाकका प्रहरी ठूलो संख्यामा परिचालन गरिएको थियो ।

नियन्त्रणमा परेकामध्ये १३ महिला र ५५ पुरुष रहेका छन् । महिलामध्ये १२ भारतीय र १ नेपाली छन् भने पुरुषमध्ये ३७ भारतीय तथा ३१ नेपाली रहेका प्रहरीले पुष्टि गरेको छ । प्रारम्भिक अनुसन्धानपछि ६१ जनालाई अभिभावक तथा विभिन्न संघ(संस्थाका जिम्मेवार व्यक्तिहरूको जिम्मामा छाडिएको छ तर ७ जनामाथि थप अनुसन्धान जारी राखिएको छ । प्रहरीले नियन्त्रणमा परेकाहरूको साथबाट नगद रु. १,२७,०८४, विभिन्न मोडलका १५ थान मोबाइल फोन, १२ थान मंगलसूत्र तथा अन्य सुनका गरगहना, साथै ३ थान चाँदीका औँठी बरामद गरेको छ।

धनुषाका एसपी रुगम बहादुर कुँवरका अनुसार महोत्सवमा दैनिक आउने ठूलो भीड र बाहिरबाट प्रवेश गर्ने पर्यटकको भीडभाडलाई ध्यानमा राखी सुरक्षाकर्मीहरूको उपस्थिति अत्यधिक बढाइएको थियो।

## जसपाका मधेस प्रदेश अध्यक्ष यादवले दिए राजीनामा



दैनिक समाचारदाता


काठमाडौँ ११ मंसिर । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीको मधेस प्रदेशका अध्यक्ष अशोककुमार यादवले राजीनामा दिएका छन् । उनले आज जसपाको अध्यक्षसमक्ष साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन् । वर्तमान राजनीतिक अवस्थामा देश र मधेसको विकास तथा अधिकारको रक्षा मधेस केन्द्रित दलहरूबाट सम्भव नहुने भन्दै उनले जसपाबाट राजीनामा दिएका हुन् ।

उनले राजीनामा पत्रमा भनेका छन्, 'मधेसी जनअधिकार फोरम नेपाल बाट राजनीति सुरु गरी हाल जनता समाजवादी पार्टीसम्म आउँदा सधैं अन्याय, अत्याचार, शोषण तथा विभेदविरुद्ध अबाज उठाउँदा कैयन पटक थुना, जेल र मुद्दा मामिलाहरू भोग्दै आफ्नो ज्यान समेतको प्रवाह नगरेको म आज मितिबाट सम्हाल्दै आएको पार्टीको जिम्मेवारी तथा पार्टीको धारण सदस्य समेतबाट राजीनामा गर्दछु ।'

जसपाका उपाध्यक्ष राजेन्द्र श्रेष्ठको नेतृत्वमा केही नेताहरू आजै नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश गर्न लागेका छन् ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु





दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## स्वदेशी वस्तु प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सशक्त बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।
- स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौं, स्वावलम्बी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# मोर्चाको विचलन र मधेश राजनीतिमा उठेको प्रश्न

कांग्रेस-एमाले गठबन्धन सरकार बनेसँगै नेपालको राजनीतिक वृत्तमा संविधान संशोधन पुनः मुख्य बहस बनेको थियो । दुवै दलले सत्ता सहकार्यको मुख्य आधार नै संशोधनलाई बनाएका थिए । थ्रेसहोल्ड वृद्धि, देशलाई दुई दलीय मोडतर्फ धकेल्ने, समानुपातिक व्यवस्था कटौतीजस्ता प्रस्तावले मधेश केन्द्रित दलहरूलाई सतर्क बनायो । यही दबाबलाई संगठित स्वरूप दिन जसपा नेपाल, लोसपा नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, तमलोपा, जनता प्रगतिशील पार्टी र राष्ट्रिय मुक्ति पार्टी मिलेर 'संघीय लोकतान्त्रिक मोर्चा' बनेको थियो । मोर्चाको प्रारम्भिक उद्देश्य स्पष्ट थियो संविधान संशोधनको सम्भावित प्रतिगमन रोक्ने, संघीयता र समानुपातिक सहभागिताजस्ता मधेश आन्दोलनले हासिल गरेका उपलब्धि जोगाउने ।

तर समय धेरै लागेन । संविधान संशोधनको मुद्दा फेरिँदै र ाजनीतिक प्राथमिकता नै परिवर्तित भयो । जेनजी आन्दोलनपछि उत्पन्न नयाँ राजनीतिक तरंग र फागुन २१ मा तोकिएको चुनाव नजिकिँदै जाँदा मोर्चा मूल एजेन्डाबाट विचलित हुँदै चुनावी तालमेल, साझा चुनाव चिह्न र सम्भावित पार्टी एकताजस्ता गणनामा केन्द्रित हुन थाल्यो । संघर्षका लागि जन्मिएको मोर्चा अहिले सिट बाँडफाँड र राजनीतिक अस्तित्व जोगाउने दौडमा व्यस्त छ, भन्ने तथ्य लुकाउन सकिँदैन ।

उता विरोधाभास यति धेरै छ कि मोर्चाको संयुक्तता कमजोर हुँदै गएको स्पष्ट छ । मोर्चा बनेका दलहरू नै छुट्टाछुट्टै आन्दोलनका कार्यक्रम ल्याइरहेका छन्। जसपा नेपालले २८ बुँदे मागसहित पुस १७ सम्मको चरणबद्ध कार्यक्रम घोषणा गरेको छ ।

तर मोर्चाभित्र समन्वयको कमी ठूलो राजनीतिक संकेत हो । जसपा र जनमतले आन्दोलन घोषणा गर्नु अघि मोर्चाभित्र छलफल नगरेको गुनासो, दलहरूले 'आफूखुसी चलिरहेका छन्' भन्ने टिप्पणी, मोर्चाको उद्देश्यमाथि उठेका प्रश्न यी सबैले मोर्चाको विश्वसनीयता कमजोर पारेका छन् ।

मोर्चाका महासचिवहरू रामकुमार शर्मा र सन्तोष मेहताका अभिव्यक्तिले स्पष्ट संकेत गर्छ, संविधान संशोधनको सम्भावित चुनौतीले मोर्चालाई एकजुट गरेको थियो, तर चुनावको 'सिन्ड्रोम' ले यो एकतालाई बिखण्डनतिर धकेल्दैछ । राजनीतिक दलहरू आन्दोलन तर्फभन्दा चुनावी गणिततर्फ बढी आकर्षित हुन थालेको देखिन्छ ।

यो स्थितिले मधेश केन्द्रित राजनीति र त्यसले प्रतिनिधित्व गर्ने जनताको मुद्दालाई नै जोखिममा पुर्‍याइरहेको छ । संघीयता, समानुपातिकता, समावेशीकरण र मधेश आन्दोलनका उपलब्धि केवल नारामा होइन, निरन्तर राजनीतिक दबाब र संगठित प्रतिवद्धतामा निर्भर छन् । यदि मोर्चा आन्दोलनको नेतृत्व गर्नै बनेको हो भने, त्यसले पहिलो काम आफ्नो आतंरिक एकता बलियो बनाउनु हो(नत्र संविधान संशोधनको सम्भावित जोखिमलाई त कहिले रोक्न सकिँदैन, उल्टै मधेश राजनीति फेरि विखण्डित र कमजोर अवस्थामा पुग्नेछ ।

आज आवश्यक छ मोर्चाले चुनावी व्यस्तता र सिट(समीकरणभन्दा माथि उठेर आफ्नो मूल उद्देश्य स्मरण गरोस् । मधेशका मुद्दा चुनावी टिकटभन्दा ठूलो छन्; संघीय लोकतन्त्रको रक्षा राजनीतिक पदभन्दा महत्वपूर्ण छ। यदि मोर्चाले पुनः एजेन्डा कन्फ्युजन रोक्न सकेन भने, यो केवल दलहरूको विश्वसनीयता होइन, मधेश र ाजनीति नै दीर्घकालीन रूपमा कमजोर हुनेछ ।

मोर्चाको अस्तित्वको औचित्य एकतामा छ(अनि त्यो एकता अहिले सबैभन्दा ठूलो चुनौतीको रूपमै उभिएको छ ।

# यसरी डुब्दैछ पृथ्वी !



डा. मुकेशराज काफ्ले

जलवायु परिवर्तनको मुद्दा आधुनिक विश्वको 'हटकेक' हो। समग्र विश्व र मानव सभ्यता नै यसबाट प्रभावित छ।

२१ औं शताब्दीको अन्त्यसम्म जलवायु परिवर्तनको मुद्दा सबभन्दा ठूलो चुनौतीका रूपमा आउने प्रक्षेपण गरिँदैछ। विश्वको उत्तरी क्षेत्रले विश्व तापमान वृद्धि र जलवायु परिवर्तनमा मुख्य भूमिका खेलेको छ।

जलवायु परिवर्तनका धेरै असरमध्ये समुद्री सतहको वृद्धि पनि एक हो। समुद्री तट तथा होचो भू-भागमा बसोबास गर्ने समुदायहरूमा यसले गम्भीर प्रभाव पारेको छ।

तापक्रम वृद्धि हुँदा तापीय विस्तारले समुद्रको पानी फैलिन्छ र हिमनदी तथा हिम-आवरण पग्लँदा अतिरिक्त पानी समुद्रमा मिसिँदा समुद्री सतह अझ माथि उठ्छ।



पुरातात्विक/प्राकृतिक अभिलेख अनुसार ११ हजार ७ सय वर्षदेखि २१ हजार वर्षको बीचमा पृथ्वीको तापक्रम ४ डिग्री सेल्सियसले वृद्धि भएको थियो। त्यो अवधिमा समुद्री सतह २८० फिटले बढेको थियो।

विश्व तापक्रम वृद्धि रोकिएपछि पनि समुद्री सतह अर्को १५० फिट माथि उठेको र हाल मापन गरिएको समुद्री सतह ३ हजार वर्षअघि कायम भएको देखिन्छ। तथ्यांकहरू विश्लेषण गर्दा ३ हजार वर्षदेखि सय वर्ष अघिसम्म समुद्री सतह बढ्ने र घट्ने प्रवृत्तिमा न्यून परिवर्तन मात्रै देखिएको छ।

सन् १९०१ देखि २०१८ सम्म विश्वको औसत समुद्री सतह ०.१५ देखि ०.२५ मिटरसम्म बढेको देखिन्छ। यसमध्ये ५० प्रतिशतको वृद्धि सन् १९९३ पछि भएको अध्ययनले देखाएको छ।

सन् १९०१ देखि १९७१ सम्मको प्रवृत्ति अध्ययन गर्दा समुद्री सतह १.३ मिलिमिटर प्रति वर्ष वृद्धि भएकामा सन् १९७२ देखि २००६ सम्म १.९ मिलिमिटर प्रतिव र्ष वृद्धि भएको तथ्यांक छ। त्यसैगरी, यो वृद्धि सन् २००७ देखि २०१८ सम्म ३.७ मिलिमिटर प्रति वर्ष थियो।

समुद्री सतह बढ्नुमा महासागरको तापीय विस्तार, हिम-मण्डल र हिमनदीहरूको स्खलन मुख्य कारण हुन्। तर समुद्री सतह कति बढ्छ भन्ने अनुमान गर्न विज्ञानका लागि अझै चुनौतीपूर्ण छ।

यसको प्रमुख कारणहरूमध्ये एक भविष्यमा हुने कार्बन उत्सर्जनको परिमाणको अनुमानमा कठिनाइ हो। अन्य कारणहरूमा हिम-मण्डल, हिमनदी, हिम-आवरण, मुख्यतः अन्टार्टिका कसरी पग्लिन्छ भन्ने अनुमान गर्न अझ कठिन छ।

यसका अलावा समुद्री पानीको तापीय विस्तारको गति पनि स्थान अनुसार फरक फरक पाइन्छ। अन्य प्राकृतिक विपत्ति जस्तै भू-भाग भासिने, भूकम्प र नदीको गेग्रान बहावको प्रकृति र परिमाणमा भएको अनिश्चितताले पनि समुद्री सतह वृद्धिको अनुमान जटिल बनाएको छ। सन् १९८० को दशकदेखि समुद्री सतह वृद्धिका पूर्वानुमानका विषयमा अध्ययन हुँदै आएका छन्। विभिन्न अध्ययनले सन् २१०० सम्मको समुद्री सतह वृद्धिबारे फरक फरक अनुमान दिएका छन्।

एक अध्ययन अनुसार न्यून कार्बन उत्सर्जन परिदृश्यका आधारमा समुद्री सतह ०.२८ देखि ०.६१ मिटरसम्म बढ्ने सम्भावना छ। अर्को तर्फ, अत्यधिक कार्बन उत्सर्जन परिदृश्यका आधारमा समुद्री सतह ०.५२ देखि ०.९८ मिटरसम्म बढ्ने आकलन छ।

तर तापक्रम वृद्धि र महासागरमा तापीय विस्तारमा अत्यधिक अस्थिरता भएमा यो वृद्धि १ मिटरभन्दा बढी पनि हुन सक्ने अनुमान छ। यी प्रक्षेपणमा वैज्ञानिकहरू एकमत हुन नसक्नुका कारणहरूमध्ये एक अझै पनि हिम-मण्डल र हिम-आवरणको भित्री गतिशीलताको मापन गर्ने उपकरणको अपर्याप्तता र अध्ययनको कमी हो।

अर्कोतर्फ, समुद्रको गहिराइमा तापीय विस्तार कसरी भइरहेको छ भन्ने पर्याप्त अध्ययन हुन सकेको छैन। सम्पूर्ण अन्टार्टिका क्षेत्रको हिम-आवरणको एकै पटक अध्ययन गर्न जटिलता देखिएको छ।

यसका अलावा ५० देखि सय वर्षभित्र हुने दुर्लभ प्रकृतिका संभावित प्राकृतिक विपत्तिका घटनाहरूको अनुमान लगाउन समेत कठिन छ। अहिले भएका धेरै अध्ययन पनि प्रत्यक्ष अवलोकन र वास्तविक तथ्यांकमा भन्दा कम्प्युटर मोडल र 'सिमुलेसन' मा आधारित छन्।

समुद्री सतह वृद्धि हुँदा उच्च जोखिममा पर्ने क्षेत्रहरूमध्ये तटीय सहर र बस्ती प्रमुख छन्।

तथ्यांक अनुसार विश्वभरि करिब ६० करोड जनसंख्या समुद्री तटको न्यून उचाइ भएको क्षेत्रमा बसोबास गर्दै आएका छन्। सो क्षेत्रमा जमिन डुबान हुँदा घरजग्गा नस्ट हुनेछन्। खानेपानी तथा सिँचाइका स्रोतहरूमा समुद्रको पानी मिसिँदा त्यसले पानीमा नुनिलोपना बढाउँछ। यसबाट मानव स्वास्थ्य लगायत कृषि, जीवजन्तु र वातावरणीय तथा पारिस्थितिक प्रणालीमा नकारात्मक असर पर्ने निश्चित छ। समुद्री सतह वृद्धि हुँदा बाढीको मात्रा र असर पनि बढ्दा त्यसले ठूलो क्षति पुर्‍याउने आकलन छ।

समुद्री सतह वृद्धिबाट प्रभावित अर्को क्षेत्र समुद्री बन्दरगाह र आर्थिक क्षेत्रहरू हुन्। यसबाट जलपरिवहन मार्ग प्रभावित हुँदा आयात-निर्यातमा अवरोध हुने, जलपूर्वाधार मर्मत लागत अत्यधिक हुने र विश्व व्यापार प्रणाली नै जोखिममा पर्ने सम्भावना छ। यसैगरी समुद्री सतह बढ्नाले औद्योगिक र ऊर्जा संरचना समेत प्रभावित हुनेछन्। यसबाट पेट्रोलियम भण्डारण, विद्युत केन्द्र लगायत कारखाना डुबानको जोखिम बढ्ने छ। विषाक्त पदार्थहरू, रेडिएसनहरू समुद्री पानीमा मिसिन सक्ने खतरा देखिन्छ।

अन्ततः यसको प्रभाव समाज र समुदायमा देखिनेछ। यसबाट बसाइँसराइँ बढ्ने, आर्थिक क्षति, रोजगारी गुम्ने र सामाजिक क्षति समेत सिर्जना हुन सक्ने देखिन्छ।

समुद्री सतह वृद्धिका कारण समग्र पृथ्वी एकै किसिमले प्रभावित भने हुँदैन। क्षेत्रगत रूपमा यसको प्रभाव फरक फरक हुने आकलन छ। समुद्री सतह वृद्धिबाट हुने विश्वव्यापी प्रभावलाई अध्ययन गर्दा एक मिटर समुद्री सतह वृद्धि हुँदा पूर्वी एसिया तथा प्रशान्त क्षेत्रका करिब ३ करोड ७२ लाख जनसंख्या प्रभावित हुने अनुमान छ।

त्यसैगरी मध्य-पूर्व र उत्तर-अफ्रिकाका ८३ लाख, दक्षिण एसियाका ५९ लाख, ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रका २९ लाख, सब-सहारा क्षेत्रका २१ लाख गरी विश्वका कुल ५ करोड ६४ लाख जनसंख्या प्रभावित हुने प्रक्षेपण छ।

समुद्री सतह वृद्धिबाट दक्षिण एसियामा सर्वाधिक प्रभावित हुने मुलुक बंगलादेश हो। बंगलादेशको तटीय क्षेत्र मूलतः पद्मा-जमुना-मेघना डेल्टा सबभन्दा बढी प्रभावित हुनेछ।

विश्वकै सबभन्दा ठूलो यो तटीय क्षेत्रलाई सुन्दरवन डेल्टा पनि भनिन्छ। हाल बंगलादेशको दुई तिहाइ भू-भाग समुद्री सतहबाट ५ मिटरभन्दा कम उचाइमा अवस्थित छ। यी भूमि क्रमशः डुबानमा पर्दै गएका छन्। खेतीयोग्य जमीनमा नुनिलोपना बढ्दै छ। चक्रवात, समुद्री आँधीजस्ता मौसमजन्य प्राकृतिक विपत्ति आउँदा तटीय क्षेत्रमा डुबानको समस्या बढ्दो छ।

अहिलेकै अवस्था कायम रहे पनि सन् २०५० सम्म बंगलादेशको करिब २१ हजार वर्ग किलोमिटर भू-भागमा १ देखि ३ मिटरसम्मको डुबान हुने प्रक्षेपण छ। बेलाबेला आउने मौसमजन्य विपत्ति जस्तै चक्रवात, समुद्री आँधीबाट अहिले बंगलादेशको करिब १ करोड ५४ लाख जनसंख्या प्रभावित हुने गरेका छन्। त्यसमध्ये करिब ४३ लाख जनसंख्या गरिबीको रेखामुनि छन्।

सन् २०५० मा यस्ता विपत्तिबाट प्रभावित जनसंख्या ९ प्रतिशतले बढ्ने अनुमान छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# साढे ३३ अर्बको यो एउटा चित्र ?



हालै गुस्ताभ क्लिम्टको 'पोर्ट्रेट अफ एलिजाबेथ लेडेरर' नामक कलाकृति २३ करोड ६४ लाख डलर (करिब साढे ३३ अर्ब रुपैयाँ) मा बिक्री भयो। सार्वजनिक रूपमा दशकौंसम्म गोप्य राखिएको यो चित्र लिलामीमार्फत कीर्तिमानी मूल्यमा बिकेको हो ।

तर, यो किन त्यति धेरै मूल्यमा बिक्री भयो ? धेरैको जिज्ञासा छ । किन यो यति धेरै मूल्यमा बिक्री भयो भनेर चर्चा गर्नुअघि कलाकार गुस्ताभ क्लिम्टबारे बुझ्नु जरुरी छ ।

'पोर्ट्रेट अफ एलिजाबेथ लेडेरर' को बिक्रीपश्चात अस्ट्रियाली चित्रकार गुस्ताभ क्लिम्ट आधुनिक कलामा सबैभन्दा महँगो कलाकार बनेका छन् । उनलाई २०औं शताब्दीका प्रमुख कलाकारमध्ये एक मानिन्छ । १४ जुलाई, १८६२ मा भियना नजिकैको बाउमगार्टनमा जन्मेका उनको ६ फेब्रुअरी १९१८ मा भियनामै मृत्यु भएको थियो ।

उनका बुबा सुन कुँद्ने काम गर्थे । तर पनि क्लिम्टले आफ्नो प्रारम्भिक जीवन गरिबीमा बिताउनु परेको थियो । यद्यपि १४ वर्षको उमेरमा उनले भियना स्कूल अफ आर्ट्स एन्ड क्राफ्ट्समा छात्रवृत्ति पाएर पढ्न गए । त्यहाँ उनले वास्तुकला र चित्रकला सम्बन्धी तालिम लिएका थिए ।

उनको मुख्य संलग्नता 'भियना सेसेसन' आन्दोलनमा समेत थियो । यो आन्दोलनले परम्परागत कलात्मक मान्यताहरूविरुद्ध विद्रोह गर्दै कलात्मक स्वतन्त्रता र आर्ट नोभ्यु (नयाँ प्रकारको कला विद्रोह) शैलीमा जोड दिएको थियो ।

उनका चित्रहरूको मुख्य विषय प्रायः महिला शरीर हुन्थ्यो । उनका प्रायः काम कामुकताका लागि प्रख्यात थिए । त्यही कारण उनले आफ्नो करियरभर विवाद र आलोचनाको समेत सामना गर्नुपरेको थियो ।

द किस, पोर्ट्रेट अफ एडेल ब्लोच-बाउर प्रथम जस्ता उनका केही प्रख्यात चित्र हुन् । उनको 'पोर्ट्रेट अफ एलिजाबेथ लेडेरर' न्युयोर्कको सोथबीज नामक लिलामीगृहमा बिक्री भएको थियो । त्यस चित्रमा नाम जस्तै एलिजाबेथ लेडेररको चित्र बनाइएको छ । एलिजाबेथ लेडरर क्लिम्टका प्रमुख संरक्षकहरू अगस्ट र सेरेना लेडररको छोरी भएको बताइन्छ । एक अर्थमा उनीहरू क्लिम्टका ग्राहक पनि थिए ।

उनैको यो चित्र नोभेम्बर १८ मा न्युयोर्कमा बिक्री भएर केही कीर्तिमान बनाएको छ । जस्तो, यसअघि उनकै अर्को चित्र 'लेडी विथ अ फ्यान' ले दुई वर्षअघि १० करोड ८० लाख डलरमा बिक्री भएर रेकर्ड बनाएको थियो । तर अहिलेको बिक्रीले त्यो रेकर्ड तोडिएको छ ।

अब यो चित्रकला लियोनार्डो दा भिन्चीको 'साल्भाटोर मुन्डी' पछिको दोस्रो सबैभन्दा महँगो कलाकृति बनेको छ । चित्र बनाउँदा एलिजाबेथ २० वर्षकी थिइन् । उनको लामो शरीर चम्किलो, सेतो रेशमी गाउनले सजिएको देखिन्छ । जुन करिब २ मिटर अग्लो क्यानभासमा आकर्षक देखिन्छ ।

तर क्लिम्टको यो चित्र उनको अन्य प्रसिद्ध कामहरूभन्दा अलि फरक देखिन्छ । जस्तो, द किस, पोर्ट्रेट अफ एडेल ब्लोच-बाउर प्रथम चित्रहरू सुन र भव्यताले भरिएका छन् । तर यो चित्रमा गहिराइ र रहस्य बढी छ । यसको सुन्दरता लुकेको र गम्भीर प्रकारको छ ।

त्यसबारे बुझ्न चित्रको इतिहास बुझ्नु जरुरी छ । एलिजाबेथको परिवार धनी थियो । उनीहरूसँग क्लिम्टका अन्य धेरै चित्रहरू पनि थिए । तर, सन् १९३८ मा नाजीहरूले अस्ट्रिया कब्जा गरेपछि उनीहरूको सारा सम्पत्ति र चित्रहरू लुटियो । त्यही क्रममा यो चित्र पनि धेरै वर्षसम्म हराएको जस्तो अवस्थामा थियो ।

एकै पटक सन् १९८० को दशकमा यो चित्र रुकला बजारमा आएको थियो । त्यसबेला यो चित्र 'एस्टी लाउडर' कस्मेटिक्सका मालिक लियोनार्ड ए लाउडरको निजी सङ्ग्रहमा फेला परेको थियो । त्यसपछि एकैपटक अहिले मात्र यो चित्रको चर्चा सतहमा आएको हो ।

यो चित्र पहिलो विश्वयुद्ध सुरु हुनुअघि बनाइएको मानिन्छ । छ न त क्लिम्टको अन्य चित्रहरूमा जस्तै यसमा पनि सुन प्रयोग गरिएको छ । तर अत्यन्त कम मात्रामा ।

त्यसको साट्टा चम्किला र आकर्षक रङहरू प्रयोग गरिएका छन् । पृष्ठभूमिमा गाढा निलो रङ छ । एलिजाबेथको गाउनको बुट्टाहरूमा चीन/जापान तथा विज्ञानको झल्को दिइएको छ । जस्तो, शाही अधिकार देखाउने ड्र्यागन तथा शरीरका कोषिकाहरूको आकार देख्न सकिन्छ ।

क्लिम्टले चित्रमा केवल सुन्दरतासँगै विभिन्न सभ्यताको शक्ति र जीवनको उत्पत्तिलाई एकै ठाउँमा जोडेका छन् । यसकारण यो चित्रलाई जति नजिकबाट हेर्‍यो, उति नै धेरै अर्थहरू खुल्दै जान्छन्।त्यस्तै एलिजाबेथको वास्तविक कथा पनि यो चित्रसँग जोडिएको छ ।

त्यसबेला क्लिम्टको मृत्यु भइसकेको थियो । १९३० को दशकको अन्तिमतिर एलिजाबेथ आफ्नो यहुदी वंशका कारण नाजीहरूबाट खतरामा परिन् । अनि उनले आफ्नो ज्यान बचाउन एउटा झुटो कथा रचिन् ।

उनले आफूलाई रुक्लिम्टको (जो यहुदी थिएनन)को छोरी भएको बताइन् । त्यस कुरालाई प्रमाणित गर्न उनले झुटा कागजहरू समेत बनाइन् । जुन कुरालाई नाजीहरूले सही ठाने । यसरी एलिजाबेथको ज्यान जोगियो ।

त्यसैले यो चित्र एउटा कृति मात्र नभई रूपान्तरण, पुनर्जन्म र बाँच्नका लागि गरिएको संघर्षको प्रमाण बन्न गयो । चित्रमा एलिजाबेथको गाउन र आकृतिले पुतली कोकुनबाट निस्केको जस्तो देखाउँछ ।

यो चित्र महँगोमा बिक्नुको पछाडि यसको इतिहास, रहस्य, क्लिम्टको प्रतिभा र चित्र आफैले बोकेको जीवन र मृत्युको कथा नै हो ।

# मोर्चाको निर्णय उल्टाउँदै जनमत एक्लै चुनावतिर

दैनिक समाचारदाता

काठमाडौं ११ मंसिर । डा. सीके राउत नेतृत्वको जनमत पार्टीले फागुन २१ मा हुने प्रतिनिधिसभा चुनावमा संघीय लोकतान्त्रिक मोर्चामा आवद्ध दलहरुसँग गठबन्धन नगर्ने भएको छ । मंसिर ६ गते बसेको मोर्चाको बैठकले सबै घटक गठबन्धन गरेर चुनावमा जाने निर्णय गरेको थियो । जनमतका उपाध्यक्ष जयकान्त राउत समेत उपस्थित मोर्चाको उक्त बैठकमा मिलेर चुनावमा जाने सर्वसम्मत निर्णय भएको मोर्चाका संयोजक एवं लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरद्वारा जारी विज्ञप्तिमा उल्लेख थियो । तर जनमत पार्टी मोर्चाको उक्त निर्णयलाई उल्टाउँदै एक्लै निर्वाचन लड्न निर्णयमा पुगेको छ ।

यो कुराको पुष्टि जनमतका उपाध्यक्ष ई. बसन्त कुशवाहाले गरेका छन् । उनले मोर्चाको बैठकमा गठबन्धन गरेर चुनावमा जाने विषयमा कुनै सहमति नभएको दाबी समेत गरे । 'कुनै नेताको विचार होला, तर मोर्चाको बैठकमा सर्वसम्मति भएको छैन, मोर्चाको तर्फबाट जुन निर्णय बाहिर आएको छ । त्यो लोसपाको तर्फबाट आएको हो,' कुशवाहाले भने ।

एउटै चुनाव चिह्नमा सबै क्षेत्रमा तालमेल गरेर चुनाव लड्ने प्रस्ताव आएको उनले बताए । 'तर जनमत पार्टीले त्यसो हो भने हर्न छापमा नै सबैजना लडौं भनेर धारणा राखेको थियो । अन्य पार्टीले आ-आफ्नै चुनाव चिह्नको प्रस्ताव बैठकमा राखेपछि सहमति बनेन,' कुशवाहाले दाबी गरे । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि सबै क्षेत्रमा नभई कुनै कुनै क्षेत्रमा तालमेल गर्न सकिने धारणा राखेको उनले बताए ।

२०७९ को चुनावमा जनमत पार्टीले एक्लै चुनाव लड्ने निर्णय गरेको थियो । तराई-मधेसका अन्य दलहरुले गठबन्धन गरेर चुनाव लडेपनि जनमतले एक्लै चुनावमा प्रतिस्पर्धा गरेको थियो । पछिल्लो समय रुपन्देही क्षेत्र नम्बर ३ मा हुने भनिएको प्रतिनिधिसभाको उपनिर्वाचन (प्रतिनिधिसभा विघटन भएसँगै रद्द) मा पनि मोर्चाले एकसाथ चुनाव लड्ने निर्णय गर्दा जनमत पार्टीका अध्यक्ष राउतले अस्वीकार गरेका थिए ।

त्यसपछि जनमत संघीय लोकतान्त्रिक मोर्चाको बैठकमा सहभागी हुनै छाडेको थियो । तर मंसिर ६ गते बसेको बैठकमा जनमत पार्टीबाट सहभागिता भयो ।

# पुस मसान्तसम्मको कार्यतालिका ल्याउन संस्थापन समूह सकारात्मक

दैनिक समाचारदाता

काठमाडौं ११ मंसिर । नेपाली कांग्रेस संस्थापन समूह पुस मसान्तसम्म पार्टीको १५औं महाधिवेशनको मध्यमार्गी कार्यतालिका ल्याउन सकारात्मक देखिएको छ ।

सभापति शेरबहादुर देउवाको आह्वानमा बिहीबार देउवा समूहका पदाधिकारीहरू तथा पूर्वपदाधिकारी र केही वरिष्ठ नेताहरू सम्मिलित बैठक बसेको थियो । उक्त बैठकमा यसअघि फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा निर्वाचनअघि नै पार्टीको १५औं महाधिवेशन गर्न संस्थापन समूह सकारात्मक देखिएको हो ।

बैठकमा पूर्वउपसभापतिहरू विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, विजयकुमार गच्छदार, प्रकाशमान सिंह, पूर्वमहामन्त्रीहरू डा. शशांक कोइराला, कृष्णप्रसाद सिटौलासहित वर्तमान पदाधिकारीहरू प्रवक्ता डा. प्रकाशशरण महत, प्रचार विभाग प्रमुख मीन विश्वकर्मालगायत नेताहरू सहभागी थिए ।

गत असोज २८ गतेबाट सुरु भएको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा कात्तिक १९ गते महामन्त्री गगन थापाले पुस १६ गतेदेखि १९ गतेसम्म १५औं महाधिवेशन गर्नुपर्ने कार्यतालिका ल्याएका थिए । त्यसलाई काउन्टर दिन सहमहामन्त्री महेन्द्र यादवले वैशाख २७ गतेदेखि ३० गतेसम्म महाधिवेशन गर्नुपर्ने कार्यतालिका पेस गरेपछि विवाद भइरहेको छ । महामन्त्री थापाको कार्यतालिकालाई अर्का महामन्त्री विश्वप्रकाश शर्मासहित इतर समूहका केही नेता र सहमहामन्त्री यादवको प्रस्तावलाई संस्थापन समूहले समर्थन गरेपछि महाधिवेशन विवाद चरमोत्कर्षमा पुगेको थियो ।निर्वाचन अगाडि महाधिवेशन गर्ने नहुनेमा सात पूर्व पदाधिकारीहरू निधि, श्रेष्ठ, गच्छदार, सिंह, डा. कोइराला, सिटौला र डा. महत थिए । यी पदाधिकारीहरू पनि देउवाले आह्वान गरेको छलफलमा निर्वाचन अगाडि महाधिवेशनको प्रक्रिया सुरु गर्न सकारात्मक देखिएका हुन् ।

छलफलमा सहभागी प्रचार विभाग प्रमुख विश्वकर्माले मध्यमार्गी प्रस्ताव ल्याउन संस्थापन पक्ष सकारात्मक भएको जानकारी दिए । 'पार्टीभित्र देखिएको महाधिवेशन विवाद मध्यमार्गी प्रस्ताव ल्याएर समाधान गर्ने प्रयास भइरहेको छ । त्यसका लागि सभापतिज्यूले आह्वान गर्नुभएको छलफल सकारात्मक छ,' विश्वकर्माले भने । बैठकमा सहभागी अर्का एक पदाधिकारीले विवाद निम्त्याउने दुवै पक्षसँग छलफल गरी मध्यमार्गी तालिका ल्याउने जिम्मेवारी सभापति देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहितलाई दिएको छ । शुक्रबार दिउँसो २ बजेका लागि बोलाइएको केन्द्रीय कार्यसमिति बैठकअघि बसेर मध्यमार्गी कार्यतालिका निर्माण गरी बैठकमा पेस गर्ने जिम्मेवारी पनि दिइएको प्रचार विभाग प्रमुख विश्वकर्माले जानकारी दिए ।

मंसिर ६ गते बसेको केन्द्रीय कार्यसमिति बैठकमा राष्ट्रियसभा र प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने निर्णय गर्दै महाधिवेशनबारे देखिएको विवाद अनौपचारिक रूपमा मिलाउन भन्दै मंसिर ११ गते बिहीबारसम्म स्थगित गरिएको थियो । तर बैठकपछिका ४ दिनमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरेको अनौपचारिक प्रयासमा महाधिवेशनसम्बन्धी विवाद मिल्न नसकेपछि शुक्रबारसम्मका लागि सारिएको थियो ।

# सेना परिचालन गर्न राष्ट्रपतिको स्वीकृति

दैनिक समाचारदाता

काठमाडौं ११ मंसिर । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेना परिचालन गर्ने स्वीकृति प्रदान गरेका छन् । बिहीबार राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को ८ गतेको



निर्णय बमोजिम फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्थाका लागि सेना परिचालन गर्ने स्वीकृति प्रदान गरेका हुन् ।

## पूर्वसभामुख महरा रिहा



दैनिक समाचारदाता
काठमाडौं, ११ मंसिर । सुन तस्करीको आरोपमा पुर्पक्षमा थुनामा रहेका पूर्वसभामुख कृष्णबहादुर महरा तोकिएको धरौटी बुझाएर रिहा भएका छन् ।

उच्च अदालत पाटनले २० लाख धरौटी तोकेपछि रिहाई प्रक्रियाका लागि उनलाई काठमाडौं जिल्ला अदालत उपस्थित गराइएको थियो । जिल्ला अदालत काठमाडौंका प्रवक्ता दीपक कुमार श्रेष्ठले महराले धरौटी बुझाएर रिहा भएको बताए ।

उच्च अदालत पाटनका न्यायाधीशद्धय अर्जुनप्रसाद कोइराला र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको बिहीबारको इजलासले महरालाई २० लाख धरौटीमा छाड्न आदेश दिँदै 'मुल जाहेरीमा महराको नामै छैन । पहिलो पुरक अभियोगमा पनि उनीबारे केही उल्लेख छैन । अरु अभियुक्तले पनि पोल गरेको देखिँदैन' भनेको थियो ।

मुल अभियोग र पहिलो पुरक अभियोगको समेत प्रमाणहरुको विश्लेषण गरी फैसला भइसकेको, बयान तथा प्रमाणले समेत उनलाई तत्काल थुनामा राख्न पर्ने कुनै कारण नदेखिएको उल्लेख उच्चले गरेको थियो ।

यसअघि २९ असोज मा काठमाडौं जिल्ला अदालतले गरेको आदेश उल्टाउँदै उनलाई २० लाख धरौटीमा छाड्न अदालतले आदेश दियो । उनलाई गत असोज २६ गते सीआईबीले पक्राउ गरेको थियो । १० पुस २०७९ मा फ्लाई दुबईको फ्लाइटनम्बर एफजेट०५८७ नम्बरमार्फत तस्करी भएको ९ किलो सुनमा उनको संलग्क्नता रहेको दाबी गर्दै मुद्दा चलाइएको थियो ।

## मुख्यमन्त्री नियुक्ति विवाद 'फैसला अझै अनिश्चित

दैनिक समाचारदाता
जनकपुरधाम, ११ मंसिर । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवविरुद्ध परेको रिट हेर्दा हेर्दैमा परेको छ ।

सर्वोच्च अदालतका न्यायाधिशद्वय हरिप्रसाद फुयाल र नित्यानन्द पाण्डेयको इजलासमा भएको सुनुवाईको क्रममा दुबै पक्षको बहस नसकिएपछि मुद्दालाई हेर्दाहेर्दैमा राखेको छ ।

मधेश प्रदेश सभाका सात दलले मुख्यमन्त्री यादवको नियुक्ति अवैधानिक भएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। त्यसपछि मंसिर ३ गते सर्वोच्चले दुवै पक्षलाई छलफलमा बोलाई आवश्यक कागजात झिकाएर मंसिर ११ गते अन्तिम सुनुवाइ गर्ने आदेश दिएको थियो । तर आज सुनुवाई नसकिएपछि हेर्दाहेर्दैमा परेको हो ।मुद्दाको सुनुवाई भोली पनि




जारी रहने सर्वोच्च अदालतले जनाएको छ ।

सात दलका ७४ जना सांसदले नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

सर्वोच्च अदालतले मुद्दा टुंगो नलागेसम्म मधेश प्रदेश सरकारलाई कुनै पनि नीतिगत तथा दीर्घकालीन निर्णय नगर्न अन्तरिम आदेश जारी गरिसकेको छ। यस नियुक्ति प्रक्रियापछि आन्दोलनमा उत्रिएका सात दलको समर्थनमा मधेश प्रदेश सभाले सभामुख रामचन्द्र मण्डललाई दुई तिहाइ बहुमतले पदमुक्त गरेको थियो। साथै, मुख्यमन्त्री नियुक्तिमा संलग्न रहेको आरोप लागेकी तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारीलाई पनि संघीय सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले पदमुक्त गरिसकेका थिए।

## फरार रहेका दुई प्रतिवादी पक्राउ

दैनिक समाचारदाता
राजविराज, ११ मंसिर । सप्तरी प्रहरीले कैद तथा जरिवाना तोकिएका दुई जना फरार प्रतिवादीलाई पक्राउ गरी बिहीबार अदालतमा पेस गरेको छ। फैसला कार्यान्वयन प्रक्रियालाई तीव्रता दिने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरी र इलाका प्रहरी कार्यालय बोदेबर्साइनबाट खटिएको संयुक्त प्रहरी टोलीले बिहीबार उनीहरूलाई नियन्त्रणमा लिएको हो। सप्तरी जिल्ला अदालत, राजविराजबाट नकबजनी चोरी मुद्दामा सजाय तोकेर फरार रहेका प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूमा जिल्लाको बोदेबर्साइन नगरपालिका(५ बस्ने शीतल मण्डल र राजनकुमार साह रहेको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

उहाँका अनुसार मण्डल 'नकबजनी चोरी' मुद्दामा दुई महिना आठ दिन कैद र पाँच हजार जरिवाना तोकिएको अवस्थामा फरार थिए । यसैगरी, साह पनि 'नकबजनी चोरी' मुद्दामा दुई महिना आठ दिन कैद सजायको फैसलापछि फरार रहेका थिए । दुवै जना गरी जम्मा चार महिना १६ दिन कैद तथा पाँच हजार जरिवाना भुक्तानीको लागि अदालतमा पेस गरेको उहाँले बताउनुभयो।

प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रनाउ पुरीका अनुसार अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रहरी सक्रिय रूपमा लागिरहेको छ।

## कमला नगरका पूर्वमेयरसहित १० जनामाथि भ्रष्टाचार मुद्दा

दैनिक समाचारदाता
जनकपुरधाम, ११ मंसिर । धनुषाको कमला नगरपालिकाका तत्कालीन नगर प्रमुख राम उदगार गोइतसहित १० जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगर प्रमुख गोइतसहित इन्फ्रास्ट्रक्चर एस एन्ड बी बिल्डर्स प्रालिविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा बिहीबार मुद्दा दायर गरेको हो ।

आयोगका अनुसार नगर प्रमुख गोइतसहित तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रकुमार सढान, लेखापाल सञ्जीनकुमार महतो, जिन्सी शाखा प्रमुख जुगलकिशोर यादव, कार्यपालिका सदस्यहरू धनेश्वर यादव, धर्मनाथ मण्डल, पल्टु कवारी, विनोद राम र समसुल मियाँ मोमिन विरुद्ध मुद्दा दायर गरिएको हो ।

आयोगका अनुसार इन्फ्रास्ट्रक्चर एस एन्ड बी बिल्डर्स प्रालि र उक्त कम्पनीका अध्यक्ष सन्तोषकुमार यादवविरुद्ध पनि मुद्दा दायर भएको हो ।

उनीहरूले आपसी मिलेमतोमा लग्मा बजारस्थित पोखरीको डिलमा माटो पुर्ने तथा घाट निर्माणसहित सौन्दर्य निर्माण गर्ने आयोजनामा २९ लाख ४४ हजार १३७ रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारको आरोप छ ।




उक्त आयोजना निर्माणका लागि दुई वटा निर्माण कम्पनीले प्रतिस्पर्धा गरेका थिए । जसमध्ये सेट स्क्वायर कन्सट्रक्सन प्रालिले ४२ लाख ७४ हजार ५५१ रुपैयाँ बोलकबोल गरेको थियो भने इन्फ्रास्ट्रक्चर एस एन्ड बी बिल्डर्स प्रालिले ७२ लाख २१ हजार ७३० रुपैयाँ बोलकबोल गरेको थियो ।

७५ लाख रुपैयाँको उक्त आयोजनमा कम कबोल गर्ने सेट स्क्वायर कन्सट्रक्सन प्रालिलाई निर्माणको जिम्मा दिनुपर्नेमा आपसी मिलोमतोमा इन्फ्रास्ट्रक्चर एस एन्ड बी बिल्डर्स प्रालिलाई निर्माणको जिम्मा दिएर २९ लाख ४४ हजार १३७ रुपैयाँ हानिनोक्सानी गरेको पाइएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

नगर प्रमुख गोइतसहितका व्यक्तिहरूले पदको दुरुपयोऊ गर्दै सरकारी सार्वजनिक सम्पत्ति हिनामिना गरेको पाइएकोले जनही २९ लाख ४४ हजार १३७ रुपैयाँ बिगो दाबीसहित मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

## मुस्कान खातुन नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश

दैनिक समाचारदाता
काठमाडौं ११ मंसिर । मुस्कान खातुन नेपाली कम्युनिस्ट पार्टीमा



प्रवेश गरेकी छिन् । राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रमबाट खातुनसहित पार्टी प्रवेश गरेका हुन् । त्यस्तै, जसपा मधेश प्रदेश अध्यक्ष अशोक कुमार यादव पनि पार्टीमा प्रवेश गरेका छन् । उनीहरूलाई संयोजक पुष्पकमल दाहाल प्रचण्डलगायतका नेताहरूले स्वागत गरेका थिए ।

साथै, उनलाई पार्टीले केन्द्रीय समिति सदस्य पनि बनाउने निर्णय गरेको छ । सहसंयोजक माधव कुमार नेपालले खातुनलाई केन्द्रीय सदस्य बनाउने निर्णय गरेको जानकारी गराए । वीरगञ्ज निवासी मुस्कान ०७६ साल भदौमा एसिड आक्रमणमा परेकी थिइन् । उपचारपछि निको भएर सामाजिक क्षेत्रमा सक्रिय मुस्कानलाई अमेरिकाले अन्तर्राष्ट्रिय साहसी महिला (आई.डब्ल्यू.ओ.सी.) सम्मान प्रदान गरेको थियो । राष्ट्रिय सभागृहको कार्यक्रमबाट अशोक राई नेतृत्वको जसपाबाट नेता राजेन्द्र श्रेष्ठ नेतृत्वको टिम, धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा (बहुमत) बाट शरद रसाइली नेतृत्वको टिम, वीपी खनाल नेतृत्वको जनजागरण पार्टी नेपाल र गोपाल परियारसहित नेकपाको टिम पनि समाहित भएका छन् ।

## मन्त्री विच्छालाई निलम्बन गर्ने राप्रपाको निर्णय



दैनिक समाचारदाता
जनकपरधाम, ११ मंसिर । राष्ट्रिय प्रजातन्त्र पार्टीले मधेस प्रदेश सरकारमा मन्त्री बनेकी सांसद कञ्चन विच्छालाई पार्टीको साधारण सदस्यबाट निलम्बन गर्ने निर्णय गरेको छ। आज धुम्बाराहीमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले विच्छालाई साधारण सदस्यबाट निलम्बन गर्ने निर्णय गरेको अध्यक्ष राजेन्द्र लिङ्देनले जानकारी दिए।

विच्छा पार्टीको नीति र निर्देशनविपरीत नेकपा एमाले नेतृत्वको मधेस सरकारमा सहभागी भएको आरोप राप्रपाको छ।

राप्रपा अनुशासन समितिले विच्छालाई कारबाही गर्न सिफारिससमेत गरेको थियो। 'मधेस प्रदेशमा पार्टीको निर्देशनविपरीत मन्त्री पदमा सहभागी हुने प्रदेश सभा सदस्य कञ्चन विच्छालाई पार्टीको साधारण सदस्यबाट निलम्बन गर्ने र प्रदेश सभा तथा मन्त्री पदबाट फिर्ता बोलाउने निर्णय भएको छ,' अध्यक्ष लिङ्देनले भने।

कात्तिक २४ गते विच्छा मधेस सरकारमा सहभागी भएकी थिइन्। सोही दिन अध्यक्ष लिङ्देनले सरकारबाट फिर्ता आउन पनि आग्रह गरेका थिए।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४